जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १७४ • २०८३ बैशाख २ गते बुधवार • 15 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## मधेश प्रदेश सरकारको कार्यसम्पादन अपेक्षाअनुसार अघि नबढेपछि सत्तारुढ गठबन्धनभित्र असन्तुष्टि

जलेश्वरटुडे समाचारदाता
धनुषा, १ बैशाख



मधेश प्रदेशमा चार महिनाअघि गठन भएको कृष्णप्रसाद यादव नेतृत्वको सरकारको कार्यसम्पादन अपेक्षाअनुसार अघि नबढेपछि सत्तारुढ गठबन्धनभित्र असन्तुष्टि बढ्न थालेको छ ।

सत्ता साझेदार जनमत पार्टीले सरकारको गति र कार्यशैलीप्रति खुलेर प्रश्न उठाउन थालेको हो । हालै काठमाडौंमा बसेको पार्टी सचिवालय बैठकमा मधेश सरकारको कामकाजको विस्तृत समीक्षा गरिएको थियो । बैठकमा सरकार प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको निष्कर्ष निकालिएको जनाइएको छ ।

जनमत पार्टीका महासचिव चन्दन सिंहले सरकारको कामप्रति असन्तुष्टि व्यक्त गर्दै आवश्यक सुधार नभए समर्थनबारे पुनर्विचार गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिए । उनका अनुसार चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कमजोर देखिएको छ भने पुँजीगत खर्चसमेत न्यून रहेको छ। विकास योजनाहरू अघि बढ्न नसकेको र कतिपय आयोजनामा अझैसम्म टेण्डर प्रक्रिया नै सुरु नभएको उनले आरोप लगाए ।

महासचिव सिंहले सरकारले अपेक्षाअनुसार गति लिन नसकेको भन्दै काम गर्ने शैलीमै परिवर्तन आवश्यक रहेको बताए । यसअघि नेकपा एमालेका सरोज यादवलाई विवादित प्रक्रियामार्फत मुख्यमन्त्री बनाइएको घटनापछि मधेश प्रदेशको राजनीतिक अवस्था अस्थिर बनेको थियो । त्यसपछि विभिन्न दलहरूको गठबन्धन मार्फत कृष्ण यादवको नेतृत्वमा नयाँ सरकार गठन गरिएको हो ।

हाल मधेश प्रदेश सरकारमा कांग्रेस, जनता समाजवादी पार्टी, जनमत पार्टी र नेकपा गरी चार दल सहभागी छन् । जनमत पार्टीले अर्थ तथा सामाजिक विकास र खेलकुद मन्त्रालयको जिम्मेवारी सम्हालिरहेको छ ।

यता, नयाँ बजेट तयारीको समय नजिकिँदै गर्दा नीति तथा योजना आयोग पनि अपेक्षित रूपमा सक्रिय नभएको आरोप जनमत पक्षले लगाएको छ । गठबन्धनको समन्वय र राजनीतिक संस्कृतिअनुसार सरकार अघि नबढेको भन्दै आन्तरिक असन्तुष्टि अझै बढ्ने देखिएको छ ।

## जनकपुरधाममा 'Parents Day' मा अभिभावक सम्मान तथा पुरस्कार वितरण



मोनु गुप्ता
जनकपुरधाम, १ बैशाख

जनकपुरधाम-४, मुरली चोकस्थित Gyan Ganga International Public School मा 'Parents Day' को अवसर पारेर सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

विद्यालयले अभिभावकको महत्वपूर्ण योगदानको कदर गर्दै "Honour & Reward" कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विद्यार्थी, अभिभावक तथा शिक्षकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा विद्यालयका संस्थापक प्राचार्य पवन कुमार साहले अभिभावकको साथ र सहयोग बिना गुणस्तरीय शिक्षा सम्भव नहुने उल्लेख गर्दै यस्ता कार्यक्रमले विद्यालय र अभिभावकबीचको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो ।

विद्यालयका अनुसार यस्ता कार्यक्रमले विद्यार्थीको मनोबल वृद्धि गर्नुका साथै अभिभावकप्रति सम्मान र कृतज्ञता व्यक्त गर्ने संस्कार विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

कार्यक्रम प्रति अभिभावकहरूले पनि सकारात्मक प्रतिक्रिया जनाउँदै विद्यालयको प्रयासको प्रशंसा गरेका छन् ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

# राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**


- आर्थिक गणना किन : देशमा संचालित उद्योग, प्रतिष्ठा तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागी आधारभूत तथ्यांक प्राप्त गर्न,
- गणना अवधि: २०८३ बैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरु ।

**तथ्यांक ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।**

**सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

## सफल राज्य सञ्चालनको आवश्यकता

सफल राज्य सञ्चालनको सबैभन्दा महत्वपूर्ण कडी कानुनी शासन रहेका छन । यसले प्रत्यक्ष वा परोक्ष रूपमा उल्लिखित सबै मूल्यमान्यतालाई समाहित गर्छ। केवल कानुनको आवरणमा शासन चलाउँदैमा कानुनी राज स्थापित हुँदैन । कानुन कस्तो छ र त्यसको प्रयोग कति विवेकपूर्ण छ, यो पनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छन । लोकतान्त्रिक राज्यको 'धर्म' केही छ भने, त्यो कानुनी शासन रहेको छ। जनप्रतिनिधिले बनाएको उचित कानुन अनुसार निष्पक्ष शासन हुँदा मात्र जनविश्वास सुदृढ हुने देखिन्छ। मनव अधिकारको संरक्षण पनि कानुनी शासन अन्तर्गत हुनु पर्छ । अन्यथा तानाशाहीको जोखिम बढ्छन ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले पनि कानुनी शासन मार्फत अधिकार संरक्षणमा जोड दिएका छन, ताकि मानिस निरङ्कुशताको विरुद्ध विद्रोह गर्न बाध्य नहोस् । कानुनी शासन मान्ने सरकारले नागरिकबिच भेदभाव गर्दैन। उसको व्यवहार चयनात्मक हुँदैन । उसले कानुनलाई दमनको साधन वा विरोधीलाई दबाउने हतियारका रूपमा प्रयोग गर्दैन । जहाँ कानुनी शासनलाई राज्यको धर्मका रूपमा मानिन्छ, त्यहाँ जात, जाति, धर्म, लिङ्ग, राजनीतिक आस्था, क्षेत्र वा यौनिक अभिमुखीकरणका आधारमा विभेद हुँदैन ।

# नव वर्षको अवसरमा विदेहमा सरसफाई तथा वृक्षारोपण कार्यक्रम सम्पन्न

**ओ पी साह**
**जनकपुरधाम, १ बैशाख**

नव वर्ष २०८३ सालको पहिलो दिन मंगलबारको अवसर पारेर धनुषाको विदेह नगरपालिका-३ तिनकौरियामा बृहत् सरसफाई तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ। वैष्णवी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा भएको उक्त कार्यक्रम संस्थाका अध्यक्ष राम आशिष मण्डलको अध्यक्षतामा सम्पन्न भएको हो ।



कार्यक्रममा विदेह नगरपालिकाका नगर प्रमुख बेचन दास प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । सो अवसरमा बोल्दै नगर प्रमुख दासले नव वर्षको सुरुवात सामाजिक कार्यबाट हुनु सकारात्मक सन्देश भएको बताउनुभयो। उहाँले वातावरण संरक्षण, सरसफाई र हरियाली प्रवर्द्धनका लागि यस्ता अभियानलाई निरन्तरता दिन आवश्यक रहेकोमा जोड दिनुभयो। साथै नगरलाई स्वच्छ, हरियाली र सुन्दर बनाउन स्थानीय संघ-संस्था र नागरिकबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्नुभयो। सतुवा खाने दिन (सतुवाइन)को सन्दर्भमा आयोजना गरिएको कार्यक्रममा स्थानीयवासीहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रम अन्तर्गत सार्वजनिक स्थलहरूको सरसफाई गर्नुका साथै वृक्षारोपण गरिएको थियो । आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत जय नाथ मण्डलले आगामी दिनमा पनि यस्ता सामाजिक तथा वातावरणीय कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिएका थिए। कार्यक्रममा सन्त निरंकार मण्डली जनकपुरधामका अध्यक्ष बेचु रजक, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, जनप्रतिनिधि, प्रहरी, महिला तथा युवाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# पाँच जना बिचौलिया जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा नियन्त्रणमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ बैशाख**

यातायात कार्यालय आसपास क्षेत्रमा सेवाग्राहीलाई झुक्याएर अवैध रुपमा रकम असुल्ने कार्यमा संलग्न रहेको आरोपमा पाँच जना बिचौलियालाई जिल्ला प्रहरी कार्यालय धनुषाले नियन्त्रणमा लिएको छ ।



प्रहरीका अनुसार सवारी चालक अनुमति पत्र, सवारी दर्ता तथा अन्य सेवा छिटो गराइदिने प्रलोभन देखाएर सेवाग्राहीसँग अनावश्यक शुल्क असुल्ने गतिविधि बढ्दै गएको गुनासोपछि विशेष निगरानी गरिएको थियो । सोही क्रममा संलग्न पाँच जनालाई नियन्त्रणमा लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले बिचौलियाको सक्रियता नियन्त्रण गर्न प्रहरी निरन्तर खटिएको बताए । उनले भने, 'यातायात कार्यालय परिसरमा केही व्यक्तिहरूले सेवाग्राहीलाई छिटो काम गराइदिने बहानामा ठगी गर्ने प्रयास गरिरहेको सूचना प्राप्त भएको थियो । सोही आधारमा निगरानी बढाउँदा पाँच जनालाई नियन्त्रणमा लिइएको छ । यस प्रकारका गतिविधि नियन्त्रण गर्न प्रहरी कडाइका साथ अघि बढेको छ ।' प्रहरीले पक्राउ परेकामाथि आवश्यक अनुसन्धान अघि बढाइएको जनाएको छ ।

साथै, सेवाग्राहीलाई कुनै पनि सेवा लिँदा बिचौलियाको भर नपरी सम्बन्धित कार्यालयबाटै प्रक्रिया पूरा गर्न आग्रह गरिएको छ । यातायात क्षेत्रमा बिचौलियाको चलखेलले सेवाग्राहीलाई आर्थिक नोक्सानी मात्र नभई सेवा प्रणालीमै अविश्वास बढाउने भएकाले यस्ता गतिविधि नियन्त्रण आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

# मातृभाषा हरेक व्यक्तिको पहिचान र संस्कृतिसँग जोडिएको महत्वपूर्ण आधार: सभामुख यादव

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ बैशाख**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले मातृभाषा हरेक व्यक्तिको पहिचान र संस्कृतिसँग जोडिएको महत्वपूर्ण आधार भएकाले यसको संरक्षणका लागि सबै एकजुट हुनुपर्ने बताएका छन् ।



धनुषाको औरही गाउँपालिकास्थित परवाहा गाउँमा सोमबारदेखि सुरु भएको दुई दिवसीय 'परवाहा लोक संस्कृति उत्सव'को उद्घाटन गर्दै सभामुख यादवले भाषा र संस्कृतिमाथि कुनै पनि प्रकारको विभाजनकारी प्रयास स्वीकार्य नहुने स्पष्ट पारे । उनले केही तत्वहरूले जातीय आधारमा समाजलाई विभाजित गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै आम नागरिक भने आफ्नो भाषा र संस्कृतिप्रति सचेत र प्रतिबद्ध रहेको बताए ।

उनले वर्तमान अवस्थामा मातृभाषाविरुद्ध नकारात्मक धारणा फैलाउने र समाजलाई भ्रमित पार्ने गतिविधिबाट सतर्क रहन सबैलाई आग्रह गरे । 'भाषा कुनै एक जात वा समुदायको मात्र हुँदैन, यो समग्र भूगोलको पहिचान हो,' उनले भने ।

सभामुख यादवले भाषा आन्दोलनको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै भारतको बंगालमा मातृभाषाको रक्षा गर्न दुई मुस्लिम युवकले जीवन बलिदान दिएको उदाहरण प्रस्तुत गरे ।

उनले भाषाको संरक्षणका लागि त्याग र प्रतिबद्धताको आवश्यकता औंल्याए । उनका अनुसार भाषा, संस्कृति र पहिचान समाजका अमूल्य धरोहर हुन् ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मनमा पछुतो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक चिन्ता
मकर: लामो यात्राको योग छ
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

## नाकाबन्दी गरिएको क्षेत्र नजिक आउने युद्धक जहाज ध्वस्त पार्ने ट्रम्पको चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको बन्दरगाहमा 'नौसैनिक नाकाबन्दी' लगाइएको घोषणा गर्दै चेतावनीको शैलीमा कडा टिप्पणी गरेका छन् । उनले आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत नाकाबन्दी गरिएको क्षेत्र नजिक पुग्ने कुनै पनि इरानी युद्धक जहाजलाई अमेरिकी सेनाले तत्काल नष्ट गर्ने बताए ।

राष्ट्रपति ट्रम्पले भेनेजुयलाको समुद्री तटमा लागुऔषध तस्करका डुङ्गामाथि गरिएको हवाई आक्रमणलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै इरानी जहाजमाथि पनि त्यस्तै सैन्य शक्ति प्रयोग गरिने चेतावनी दिए। क्यारेबियन सागरमा लागुऔषध व्यापारीहरू विरुद्ध प्रयोग गरिएको समान युद्धक प्रणाली र प्रविधि इरानी जहाजलाई ध्वस्त पार्न प्रयोग गरिने उनले उल्लेख गरे । यसअघि नै इरानले शत्रु राष्ट्रका जहाजहरूका लागि रणनीतिक महत्त्वको हर्मुज जलमार्ग बन्द गरिसकेको छ । हाल इरानले चीनजस्ता आफ्ना मित्र राष्ट्रका जहाजहरूलाई मात्र सो मार्ग प्रयोग गर्न अनुमति दिइरहेको छ। अमेरिका र इरानबीचको यो नयाँ गतिरोधका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धन आपूर्तिको चिन्ता थपिएको छ, जसले गर्दा सोमबार कच्चा तेलको मूल्यमा करिब आठ प्रतिशतले वृद्धि भएको छ ।

अमेरिकी नाकाबन्दीको यो कदमलाई लिएर अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिक्रियाहरू आएका छन् । स्पेनले यसलाई 'बेकारको लफडा' को संज्ञा दिएको छ भने इरानबाट ठूलो मात्रामा इन्धन आयात गर्ने चीनले नाकाबन्दीको कडा विरोध गरेको छ। यसैबिच, बेलायत र फ्रान्सले अमेरिकी नाकाबन्दीमा आफ्नो कुनै संलग्नता नरहने स्पष्ट पारेका छन् । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोनले यसको विकल्पमा जलमार्ग सुरक्षित गर्न 'शान्तिपूर्ण बहुराष्ट्रिय अभियान' को प्रस्ताव गरेका छन्। उनले सो अभियानमा सामेल हुन तयार देशहरूसँग फ्रान्स र बेलायतले मिलेर एउटा सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको जानकारी दिए ।

## मंगलबारदेखि नेपाली फिल्म 'पहाड' प्रदर्शनमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**



मंगलबारदेखि नेपाली फिल्म 'पहाड' प्रदर्शनमा आएको छ । नयाँ वर्ष २०८३ को अवसर पारेर प्रदर्शनमा आएको फिल्मले बेरोजगारी, मानवविहीन रितिएको पहाड र पानीको समस्या लगायत विषयवस्तु उठाएको छ ।

वरिष्ठ निर्देशक तुलसी घिमिरे निर्देशित फिल्मको लेखन पनि घिमिरेले नै गरेका हुन्। पहाड सुन्दर ठाउँ भएको तथा आफूले सुन्दरता र सद्भावसँगै रित्तो हुँदै गइरहेको पहाडको कथामा फिल्म बनाएको निर्देशक घिमिरेले बताए ।

फिल्ममा मदनकृष्ण श्रेष्ठ, विपिन कार्की, रविन्द्र सिंह बानियाँ, सुनिल थापा, रेनुनाथ योगी, उमा गिरी, अरुण क्षेत्रीसँगै नव अभिनेत्री पञ्चमी घिमिरेको अभिनय छ । फिल्ममा युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरिएको छ ।

निर्देशक घिमिरेले यसपटक 'बलिदान'मा काम गरेका मदनकृष्ण श्रेष्ठ, 'चिनो' मा काम गरेका शिव श्रेष्ठ र सुनिल थापालाई पनि 'पहाड' मा कास्ट गरेका छन् । फिल्मलाई प्रमोद प्रधानले छायाङ्कन गरेका छन् । भाग्यरत्न फिल्म्स प्रालिको व्यानरमा निर्माण भएको 'पहाड' मार्फत निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरे अभिनेत्री रूपमा डेब्यु गरेकी छन्। फिल्ममा रञ्जित सिंह गजमेरको संगीत, उत्तम रसाइली प्रस्तुतकर्ता र सुरेन्द्र लामा थिङ, ओजस्वी केसी, रिम्पोछे लामा थिङ, दमन्ती रसाइली र उमा गिरी निर्माता रहेका छन् ।

## आईपीएल डेब्यूको पहिलो ओभरमै तीन विकेट लिएर चम्किएका प्रफुल हिंगे

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**



भारतका युवा फास्ट बलर प्रफुल हिंगेले आफ्नो पहिलो आईपीएल खेलमै ऐतिहासिक प्रदर्शन गर्दै क्रिकेट संसारको ध्यान खिचेका छन्। सनराइजर्स हैदराबादबाट खेल्दै सोमबार राजस्थान रोयल्सविरुद्ध आईपीएल डेब्यू गरेका हिंगेले पहिलो ओभरमै तीन विकेट लिँदै कीर्तिमान बनाएका छन् । यसअघि आईपीएल डेब्यू गर्दा पहिलो ओभरमै ३ विकेट कुनै पनि खेलाडीले लिएका छैनन् ।

सोमबारको खेलमा उनले वैभव सूर्यवंशी, ध्रुव जुरेल र लुआन्ड्रे प्रिटोरियसलाई पहिलवो ओभरमै आउट गरेका थिए । आफ्नो दोस्रो ओभर तथा खेलको तेस्रो ओभरमा उनले विपक्षी कप्तान रियान परागलाई पनि आउट गरेपछि आफ्नो पहिलो स्पेल ४ विकेट लिएर समाप्त गरेका थिए । सुरुवाती २ ओभरमा ६ रन दिएर ४ विकेट लिँदै उत्कृष्ट प्रदर्शन गरेका उनले अन्तिम फिगर भने ४ ओभर, ३४ रन, ४ विकेटका साथ सकाए ।

उनीसँगै अर्का बलर साकिब हुसेनले पनि ४ विकेट लिएपछि सनराइजर्स हैदराबादले राजस्थान रोयल्सलाई सुरुवातदेखि नै दबाबमा राख्दै ५७ रनले हराएको थियो । हिंगेको यो सफलता अचानक आएको होइन । उनका बुबा प्रकाश हिंगेका अनुसार उनलाई सुरुमा क्रिकेटमा पठाउने निर्णय सामान्य थियो । नागपुरमा हुर्किएका हिंगेले १३ वर्षको उमेरदेखि क्रिकेट खेल्न थालेका थिए र परिवारले उनलाई जबरजस्ती नगरी आफ्नै बाटो रोज्न दिएको थियो । पछि उनी विदर्भाको अन्डर-१६ टोलीमा परेपछि उनको यात्रा अघि बढ्यो ।

## नेपाली अर्थतन्त्रको समीक्षा: ०८२ को उतारचढाव र ०८३ को चुनौतीपूर्ण क्षितिज

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**




नेपाली पात्रोअनुसार २०८२ साल बिदा भई २०८३ सालको नयाँ बिहानी सुरु हुँदै गर्दा विगत एक वर्षलाई फर्केर हेर्दा यो अवधि नेपाली अर्थतन्त्रका लागि निकै कष्टकर र ऐतिहासिक मोडका रूपमा देखिएको छ ।

यो वर्ष नेपाली अर्थतन्त्रले आर्थिक सुस्तता, राजनीतिक विद्रोह, ऐतिहासिक महँगी र नीतिगत अस्थिरताको यस्तो कसिलो चक्रव्युह भोग्यो जसको दीर्घकालीन असर आगामी कैयौं वर्षसम्म कायम रहने निश्चित छ । २०८२ साललाई नेपाली अर्थतन्त्रको इतिहासमा एउटा यस्तो वर्षका रूपमा चित्रण गरिनेछ जहाँ एकातिर संरचनात्मक सुधारका केही प्रयासहरू भए पनि अर्कोतिर सडकको आक्रोशले राज्यका प्रमुख निकायहरूको जग नै हल्लाइदिएको थियो । विशेष गरी भदौ अन्त्यतिर भएको 'जेनजी आन्दोलन' यस वर्षको सबैभन्दा ठूलो र अविस्मरणीय राजनीतिक तथा आर्थिक घटना बन्यो। भ्रष्टाचारविरुद्ध सल्किएको त्यो आन्दोलनले तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार मात्र ढालेन, देशलाई एउटा नयाँ र अनपेक्षित राजनीतिक मोडमा पुऱ्यायो । आन्दोलनका क्रममा ऐतिहासिक सिंहदरबार, संसद् भवन र सर्वोच्च अदालत मात्र होइन, निजी क्षेत्रका सम्पत्तिमाथि समेत तोडफोड र आगजनी हुँदा लगानीकर्ताको आत्मविश्वास नराम्ररी खस्कन पुग्यो। राजनीति र अर्थतन्त्रको अन्योन्याश्रित सम्बन्धलाई पुष्टि गर्दै आन्दोलन पछिको पहिलो कारोबार दिनमै सेयर बजारमा 'नेगेटिभ सर्किट' लागेको थियो जसले राज्यविहीनताको डरलाग्दो चित्र प्रस्तुत गरेको थियो ।

## प्राथमिकता तोकेर आयोजना कार्यान्वयन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**



प्रधानमन्त्री वालेन्द्र शाहले सातै प्रदेशका प्रतिनिधि सभा सदस्यसँग संवाद गर्नुभएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार बागमती प्रदेशबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सांसदसँग छलफलपछि सातै प्रदेशका सांसदसँगको पहिलो चरणको संवाद सम्पन्न भएको हो ।

प्रधानमन्त्री शाहले कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका सांसदसँग सुझाव लिइसक्नुभएको छ। बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यसँगको छलफलमा चालु आर्थिक वर्ष २०८२/८३ भित्र कार्यान्वयन गर्न सकिने कार्यक्रम, दीर्घकालीन पूर्वाधार विकास, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सुशासन र सामाजिक क्षेत्रबारे छलफल भएको छ । बैठकमा सहभागी सांसदले निर्वाचन क्षेत्रका समस्या, सम्भावना तथा प्राथमिकतामा राख्नुपर्ने योजना प्रस्तुत गर्नुभयो। प्रधानमन्त्री शाहले सांसदले उठाएका विषयलाई बजेट र प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सांसद हरि ढकालले राप्ति नदी किनारमा साइकल लेनसहितको सफारी मार्ग, सिँचाइ विस्तारका लागि 'हाई ड्याम' निर्माण तथा सौराहामा अनलाइन टिकट प्रणाली लागु गर्न सुझाव दिनुभयो। सांसद पुकार बमले पशुपति क्षेत्रको गुरुयोजना कार्यान्वयन, पारदर्शिता अभिवृद्धिका लागि 'नेसनल बजेट ड्यासबोर्ड' निर्माण तथा एकीकृत पूर्वाधार विकास ऐन ल्याउनुपर्ने बताउनुभयो । सांसद युवराज दुलालले बाँदर नियन्त्रणसम्बन्धी कानुन निर्माण, मेलम्ची र इन्द्रावती नदी किनारका जोखिमयुक्त बस्ती संरक्षण तथा मेलम्ची खानेपानी आयोजनासँग सम्बन्धित भुक्तानी समस्या समाधान गर्नुपर्ने बताउनुभयो । सांसद बदनकुमार भण्डारीले सुनकोशी-३ जलाशययुक्त आयोजना अगाडि बढाउन, धुलिखेललाई बागमती प्रदेशको राजधानीका रूपमा विकास गर्न आग्रह गर्नुभयो ।

## सरकारलाई दबाब दिन पहिलो चरणको अभियान सञ्चालन

*मिति : २०८२।१२।२४*

सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाईसमेत जारी गरिएको परिपत्र तत्काल फिर्ता गर्नेतर्फ सकारात्मक पहल नभएकाले सरकारलाई दबाब दिन नेपाल पत्रकार महासंघले पहिलो चरणको अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

यसअवधिमा माग पूरा नभए दबाबका थप कार्यक्रम गरिनेछ । केन्द्रीय समितिले तय गरेका दबाब कार्यक्रम प्रदेश समिति र शाखाहरूले गर्ने पनि तय भएको छ ।

यसका साथै श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक र सेवा-सुविधा उपलब्ध गराउन सञ्चार गृहहरूसंग महासंघ अनुरोध गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**

# सहकारीमा नवप्रवर्तन र पारदर्शिता



-नेपालको सहकारी क्षेत्रले आर्थिक तथा सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान गरे पनि नियमन, पारदर्शिता र सुशासनको अभावले जनविश्वासमा गिरावट आएको छ। सहकारीको दीगो विकासका लागि उत्पादनमुखी लगानी, सदस्यको सक्रिय सहभागिता, प्रविधिको प्रयोग र सरकारी तथा निजी क्षेत्रको समन्वित प्रयास अपरिहार्य छ। नवप्रवर्तन र पारदर्शितालाई प्राथमिकता दिँदै सहकारीलाई उद्यमशीलता र रोजगारी सिर्जनामा केन्द्रित गर्नुपर्ने आवश्यकता अझै तीव्र देखिन्छ। नेपालको सहकारी आन्दोलन विभिन्न उतारचढाव पार गर्दै आजको अवस्थामा आइपुगेको छ। प्रथम योजनाकालदेखि नै यसलाई आर्थिक तथा सामाजिक रूपान्तरणको महत्त्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिएको भए पनि यसको विकास सधैं सन्तुलित र व्यवस्थित रहन सकेन। विशेषगरी २०१३ देखि २०४७ सालसम्म सरकारद्वारा प्रवर्द्धित साझा संस्थाहरू राज्यको प्रत्यक्ष नियन्त्रणमा रही ग्रामीण क्षेत्रमा कृषि ऋण, मल तथा बीउ वितरणमा सीमित थिए। प्रजातन्त्र पुन:स्थापनापछि सहकारीलाई सहभागीमूलक विकासको आधारका रूपमा पुनर्परिभाषित गरियो। सहकारी ऐन २०४८ ले व्यवस्थापकीय स्वायत्तता प्रदान गरेसँगै यस क्षेत्रमा तीव्र विस्तार देखियो। बचत परिचालन, ऋण प्रवाह र रोजगारी सिर्जनामा सहकारी संस्थाहरूको योगदान उल्लेखनीय रह्यो। आज सहकारी क्षेत्रमा लाखौं सदस्यको सहभागिता र ठूलो वित्तीय स्रोतको परिचालनले स्थानीय अर्थतन्त्रमा ऊर्जा थपेको छ। तर विस्तारसँगै चुनौतीहरू पनि बढ्दै गए। नियमन तथा अनुगमन प्रभावकारी नहुँदा केही संस्थामा वित्तीय अनुशासनको अभाव देखियो, जसले गर्दा बचतकर्ताको विश्वास कमजोर बन्न पुग्यो। विशेषगरी घरजग्गा क्षेत्रमा अत्यधिक लगानी, पारदर्शिताको कमी र संस्थागत सुशासनको अभावले समग्र क्षेत्रमै नकारात्मक प्रभाव पारेको छ। परिणामस्वरूप, सहकारीप्रतिको जनविश्वासमा गिरावट आएको छ। जुन दीर्घकालीन रूपमा गम्भीर चिन्ताको विषय हो।

१९९० को दशकमा खुला बजारमुखी अर्थतन्त्रको उदयपछि मानिसले आफ्नो खाना, नाना र छानाका लागि आफैं संगठित भई स–सानो बचत संकलन गर्ने परिपाटी विकसित हुँदै गएको तत्कालीन पृष्ठभूमिमा विश्व बैंकद्वारा सहकारी बचत संस्थाहरूको माध्यमबाट संसारभर ३५ करोडभन्दा बढी व्यक्तिहरूको वित्तीय पहुँच विस्तारमा योगदान पुगेको तथ्य सार्वजनिक गरियो। यसपछि डीएफआईडी, अन्तर्राष्ट्रिय श्रम संगठनलगायत अन्य द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूको सहयोगमा सरकारी तथा गैरसरकारीस्तरबाट नेपाललगायत एसिया र अफ्रिकाका विकासोन्मुख मुलुकहरूमा आर्थिक, सामाजिक सशक्तीकरण र गरिबी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरियो। जसले गर्दा ती मुलुकका ग्रामीण तथा अर्धसहरी क्षेत्रहरूमा सहकारी स्थापनाको लहर चल्यो। नेपालमा सहकारीको संख्यात्मक वृद्धि हुनुको यो पहिलो कारण हो। सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रवर्द्धित सहकारीहरूको संख्यात्मक वृद्धिसँगै क्षमता विकासमा यथोचित ध्यान नपुर्‍याई निर्गमन रणनीति (एग्जिट स्ट्राटेजी) का रूपमा लिइँदा गुणात्मक विकासमा गम्भीर असर पर्‍यो।

अहिले विश्वको कुल जनसंख्याको १२ प्रतिशत अर्थात् १ खर्बभन्दा बढी व्यक्तिहरू विभिन्न विषय र क्षेत्रका ३० लाख सहकारीमा आबद्ध भई यिनले १० करोड बढी व्यक्तिलाई रोजगारी दिएका छन्। साथै, सामाजिक न्याय र समावेशी आर्थिक विकासमा समेत योगदान पुर्‍याएका छन्। नेपालमा आवश्यक तरलता कोषको व्यवस्था नगरी अधिकांश लगानी घरजग्गा कारोबारमा अनियमित रूपमा परिचालित गरिएका कारण सहकारीको छवि नराम्ररी गिजोलिएको पाइन्छ। सहकारी व्यवस्थापन समितिद्वारा हालसम्म समस्याग्रस्त घोषित २२ वटा सहकारीविरुद्ध ६२ हजारभन्दा बढी बचतकर्ताले करिब ४० अर्ब रुपैयाँ बराबरको मागदाबी गरे पनि हालसम्म ३ वटा सहकारीका ४ हजार ४ सय ७२ बचतकर्तालाई आंशिक रकम मात्र फिर्ता गरिएको छ। यसका अतिरिक्त सार्वजनिक रूपमा चर्चामा आएका समस्याउन्मुख १८ वटा सहकारी र अन्य सहकारी गरी अहिले करिब १ खर्ब बचत रकम फिर्ता गर्न बाँकी रहेको अनुमान गरिएको छ। बचतकर्ताहरूले खाइनखाई भविष्यका लागि जोहो गरेको रकम डुब्ने चिन्ताका अतिरिक्त पारिवारिक मनमुटाव बढ्न गई घरबार बिग्रेको, स्वास्थ्य उपचार गर्न नसकेको लगायतका थप्रै समस्याले ग्रसित छन्। असल नियतले चलेका सहकारी संस्थाहरूका लागि मात्र नभई सरकार र सहयोगी निकायहरूलाई पनि यो समस्याले पिरोलिरहेको छ। समस्याको निराकरण गर्न सरकारले सहकारी ऐन २०७४ को संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्न सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरी यसले मापदण्ड जारी गर्ने र संस्थाहरूलाई दर्ता तथा अभिलेखीकरणको काम गर्दै आएको छ। तर, कानुन, निर्देशन र मापदण्ड नअपनाउने संस्थाहरूलाई तत्काल कारबाहीको दायरामा ल्याउँदा सकारात्मक सन्देश जाने आमबुझाइ रहे पनि यसो गर्न ढिलाइ भइरहेको छ।

सहकारीको कुल लगानीमा ५१ प्रतिशतमाथि उत्पादनमुखी क्षेत्रमा परिचालित गर्न मापदण्ड र निर्देशनमा उल्लेख भए पनि यसको कार्यान्वयनतर्फ नियमनकारी निकाय र लगानी गर्ने सहकारीहरू नै गम्भीर भएनन्। सदस्यको बचत जोखिममा परेका कारण सहकारीप्रति जनविश्वास धुमिल भएको वर्तमान परिप्रेक्ष्यमा पारदर्शिताका साथ सहकारी पुँजी उद्यमशीलता विकासमा परिचालन गरी रोजगारी सिर्जना गर्ने आवश्यकताको तीव्र दबाबमा यस वर्षको सहकारी दिवस 'उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता' भन्ने नाराका साथ मनाइयो। यसले सहकारीहरूलाई उद्यमशीलता विकासमा प्राथमिकतापूर्वक पारदर्शी तरिकाले लगानी गर्न सन्देश दिन खोजेको देखिए पनि विगतका परम्परालाई हेर्दा यस पटक पनि यो नारा कर्मकाण्डी पाराबाट आएको देखिन्छ।

अन्तर्राष्ट्रिय सहकारी वर्ष २०२५ का अवसरमा आईसीएद्वारा प्रकाशित ग्लोबल थ्री हन्ड्रेडका अनुसार विश्वमा सबैभन्दा ठूलो कारोबार गर्ने तीन सय सहकारीहरूले २९७ मिलियन अमेरिकी डलरको वार्षिक कारोबार गर्छन्, जुन विश्वको कुल गार्हस्थ्य उत्पादनको सातौं ठूलो अर्थतन्त्रको र्‍यांकमा पर्दछ। सहकारिताका आधारमा ठूलो कारोबार गर्नेमा एसियामा भारत, कोरिया र जापान जस्ता मुलुक पर्छन्। यहाँका सहकारीहरूको पुँजी, वस्तु तथा सेवा उत्पादन, प्रविधि र व्यवस्थापकीय कार्यकौशलता र प्रतिस्पर्धात्मक क्षमता कुनै बहुराष्ट्रिय कम्पनीहरूको भन्दा कमी छैन। यसले सहकारी सानो आकारको मात्र हुनुपर्छ भन्ने बुझाइलाई गलत साबित गर्छ। यसले सहकारी आफैंमा उद्यम भएको देखाउँछ। आर्थिक, सामाजिक विकासका लागि सदस्यहरूलाई कसरी उद्यमशील, प्रतिस्पर्धी र रोजगारमुखी बनाउने ? यो आजको यक्ष प्रश्न हो। नेपालको सन्दर्भमा सहकारीलाई केवल बचत-ऋण कारोबारमा सीमित राख्नु यसको बृहत्तर सम्भावनालाई बेवास्ता गर्नु हो। यसलाई उत्पादन, रोजगारी र उद्यमसँग जोड्न आवश्यक छ। स्थानीय स्रोत, श्रम र सीपलाई एकीकृत गर्दै उत्पादनमूलक गतिविधिमा लगानी विस्तार गर्नु अहिलेको आवश्यकता हो। विशेषगरी कृषि, पशुपालन, साना उद्योग, हस्तकला, ऊर्जा र पर्यटनजस्ता क्षेत्रमा सहकारीको पुँजी परिचालन गर्न सके स्थानीयस्तरमै आयआर्जनका अवसर बढाउन सकिन्छ।

यसले ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा समेत सहयोग पुर्‍याउन सक्छ। युवा जनशक्तिलाई लक्षित गर्दै उद्यममुखी कार्यक्रम सञ्चालन गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो। सीप विकास, वित्तीय साक्षरता र व्यावसायिक तालिमलाई सहकारीसँग जोड्न सके नवप्रवर्तनलाई प्रोत्साहन मिल्छ। उत्पादनदेखि बजारसम्मको सम्पूर्ण मूल्य शृंखलामा सहकारीको संलग्नता सुनिश्चित गर्न सकिएमा सदस्यहरूको आम्दानीमा वृद्धि र संस्थाको दिगोपन दुवै सुदृढ हुन्छ। सहकारीमा सुशासन कायम गर्न संस्थागत गतिविधि, वित्तीय कारोबार र निर्णय प्रक्रियामा पारदर्शिता कायम गर्न नियमित लेखापरीक्षण, वार्षिक प्रतिवेदन, साधारणसभा र खुला सूचना प्रवाह अनिवार्य छन्। उत्तरदायित्व र अनुशासनबिना कुनै पनि संस्था दिगो बन्न सक्दैन। त्यसैले सहकारी सञ्चालनमा स्पष्ट नियम, आचारसंहिता र प्रभावकारी निगरानी संयन्त्र आवश्यक हुन्छ। सहकारीमा स्वनियमन र स्वशासनको जति महत्त्व छ, सरकारी निकायको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। नीतिगत स्पष्टता, प्रभावकारी नियमन र समयमै हस्तक्षेपले मात्र सहकारी क्षेत्रलाई स्वस्थ दिशामा अघि बढाउन सकिन्छ। सहकारी ऐन र सम्बन्धित मापदण्डको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। डिजिटल प्रविधिको प्रयोगमार्फत वित्तीय कारोबारलाई सुरक्षित, पारदर्शी र पहुँचयोग्य बनाउनु आवश्यक छ। अनलाइन रिपोर्टिङ, डिजिटल लेखा प्रणाली र सदस्य सूचना व्यवस्थापनले संस्थागत क्षमता अभिवृद्धिमा मात्र होइन, विश्वास जागृत गर्नसमेत सहयोग पुर्‍याउँछ। सदस्यहरूको सक्रिय सहभागिताबिना सहकारीको सफलता सम्भव छैन। सदस्यहरू नै संस्थाका वास्तविक मालिक भएकाले उनीहरूको सचेत सहभागिता, नियमित बचत, निर्णय प्रक्रियामा योगदान र नेतृत्वप्रति निगरानी अत्यावश्यक हुन्छ। सदस्य शिक्षा र सचेतनाले संस्थालाई सही मार्गमा अघि बढाउन मद्दत गर्छ। अर्कोतर्फ, निजी क्षेत्र र सहकारीबीच सहकार्यको सम्भावना पनि उत्तिकै महत्त्वपूर्ण छ। निजी क्षेत्रको व्यवस्थापकीय दक्षता र बजार पहुँचलाई सहकारीको सामाजिक आधारसँग जोड्न सके उत्पादन र राष्ट्रिय अन्तर्राष्ट्रिय बजार विस्तारमा नयाँ अवसर सिर्जना हुन्छ।

यसले प्रतिस्पर्धात्मक क्षमता बढाउनुका साथै दीर्घकालीन आर्थिक स्थायित्वमा टेवा पुर्‍याउँछ। उद्यममुखी सोच र पारदर्शिताबीच सन्तुलन कायम गर्नु आजको प्रमुख आवश्यकता हो। नवप्रवर्तनबिना संस्था गतिशील हुन सक्दैन भने पारदर्शिताबिना विश्वास टिक्न सक्दैन। यी दुई पक्ष एकअर्काका पूरक हुन्। प्रभावकारी व्यवस्थापन, स्पष्ट दृष्टिकोण र जिम्मेवार नेतृत्वमार्फत मात्र सहकारीलाई विश्वसनीय र सक्षम संस्थाका रूपमा स्थापित गर्न सकिन्छ। उद्यमशीलता विकासमा सहकारीका सदस्यहरू, सहकारी संस्थाहरू, संघ, प्रदेश, स्थानीय सरकार र सहकारी प्रवर्द्धनमा क्रियाशील विकास साझेदारहरूको समन्वित भूमिका महत्त्वपूर्ण हुन्छ। सहकारी सदस्यहरूले आफूमा उद्यमशील सोच र जोखिम बहन गर्ने क्षमता विकास गर्नुपर्छ। त्यसका लागि नियमित बचत, उत्पादनमुखी लगानी र अन्य गतिविधिमा सक्रिय सहभागिता जनाउने, सीप, ज्ञान र अनुभव आदान-प्रदान गर्ने र सहकारीका सेवाहरूको प्रभावकारी उपयोग गर्नुपर्छ। सहकारी संस्थाहरूले सुलभ ऋण, बचत तथा वित्तीय सेवाहरू उपलब्ध गराउने कार्यका अतिरिक्त सदस्यहरूमा उद्यमशीलता विकासका तालिम, सीप विकास र परामर्श सेवा प्रदान गर्नु अपरिहार्य छ। यसका लागि सहकारी संघसंस्थाहरूले विभिन्न सहयोगी निकायहरूसँग समन्वय गर्न सक्ने अवसर विद्यमान छ।

**सांभार : कान्तिपुर।**

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday